Regd. No.: 153639/073/074

Panchthar Power Company Ltd.

मिति : २०८१/०९/०२

प.सं. ०८१/०८२
च.नं. ३९

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरवारप्लाजा, सिंहदरवार, काठमाण्डौ ।

**विषय : हकप्रद शेयर निष्काशन सम्वन्धमा ।**

महोदय,

उपरोक्त सम्वन्धमा यस कम्पनीद्वारा प्रवर्द्धित पाँचथर जिल्लाको हेवा खोलामा निर्माण सम्पन्न भएको हेवा खोला "ए" जलविद्युत आयोजना १४.९ मे.वा. क्षमता परियोजनाको लागि श्री सानिमा बैंक लिमिटेडको अगुवाईमा सहवित्तीयकरणमा सहभागी अन्य धनि वैंक तथा वित्तीय संस्थाहरुसंग कर्जा सुविधा सम्झौता सम्पन्न भई कर्जा लिई आयोजना निर्माण सम्पन्न भएको र नियमित रुपमा साँवा तथा ब्याज भुक्तानि समेत भइरहेकोमा मिति २०८०/०३/०२ गते राति करिव १ बजेवाट अविरल बर्षाका कारण हेवा खोलामा आएको बाढीले आयोजनालाई क्षति पुर्‍याएको र सोको मर्मत संभार गरि मिति २०८१/०६/१५ गतेबाट आयोजना सूचारु गर्ने उद्धेश्यले कार्य हुँदै गईरहेकोमा पूनः मिति २०८१/०६/१० गते आएको बाढीले आयोजनामा क्षति पुग्न गएको हुँदा तत्काल आयोजनालाई पुनः संचालनमा ल्याउन संरचनाहरुको पूनः निर्माण तथा मर्मतको लागी सहवित्तीयकरणमा सहभागी बैकहरुसंग थप कर्जा लिई आयोजना पुन निर्माणको कार्य भइरहेको र हाल बैंकको कर्जा भुक्तानी गर्ने उद्धेश्यले हाल कायम रहेको जारी पूँजी रु.१००/- अंकित दरका ९६,२५,००० थानको १:१ को अनुपातमा रु.१००/- अंकित दरका ९६,२५,००० थानको रु.९६,२५,००,०००/- (छयान्नब्बे करोड पच्चिस लाख मात्र) रकम बराबरको हकप्रद शेयर निष्काशन गर्ने र सोको लागी आगामी बार्षिक/विशेष साधारण सभामा स्वीकृतीका लागी विशेष प्रस्तावको रुपमा पेश गर्ने र स्वीकृत भए पश्चात मात्र हकप्रद शेयर निष्काशनको लागी आव्हान गर्ने संचालक समितिको मिति २०८१ पौष २ गते ३ वजे बसेको बैठकवाट निर्णय भएको ब्यहोरा अनुरोध गर्दछौं ।

सहयोगको लागी धन्यवाद ।

..............................
सुन्दरमणि सुवेदी
कम्पनी सचिव